**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ( नियमावली, २०६५ को नियम ३ बमोजिम २०८२ साल श्रावण १ देखि २०८३ असार मसान्तसम्मको फालेलुङ गाँउपालिकाको कार्यालय, थकेपुङ, पाँचथरसँग सम्बन्धित स्वतः प्रकाशन सूचनाको विवरण ।**

***(प्रकाशित मिति २०८३/०४/०७)***

सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुसार यस कार्यालयबाट प्रदान गरिएको सेवा प्रवाहमा सर्वसाधारण नागरिकको सूचनाको हक सुनिश्चित गर्न फालेलुङ गाँउपालिकाको कार्यालय, थकेपुङ, पाँचथर प्रतिबद्धता व्यक्त गर्दै यो तेस्रो त्रैमासिक प्रतिबेदन सार्वजनिक गरिएको छ ।

## *१. फालेलुङ गाउँपालिकाको परिचय*

महत्वपुर्ण भौगोलिक एवं ऐतिहासिक स्थानहरुमध्ये यसलाई पनि एउटा मान्न सकिन्छ। सबैभन्दा प्रमुख कुरा त यसै फालेलुङ डाँडाको नामबाटै यस गाउँपालिकाको नाम पनि "फालेलुङ" राखिएको हो। पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकहरुको लागि समेत "फालेलुङ" डाँडा एउटा नयाँ पर्यटकीय गन्तब्य स्थलको रुपमा स्थापित हुँदै गएको पनि देखिएको छ। तत्कालिन ब्रिटिशकालिन भारतको ईतिहासमा यो क्षेत्रबाट संसारको सबभन्दा अग्लो हिमश्रृंखलाको रुपमा रहेको कुम्भकर्ण (फक्ताङलुङ) र कञ्चनजंघा (केवालुङ) हिमाल हेर्नको लागि सडक निर्माण समेत गरिएकोले पर्यटकहरुलाई घुमघाम गर्न सहज भएको पाईन्छ ।

"फालेलुङ" शब्द लिम्बु (याक्युङ) भाषाबाटै राखिएको मौलिक स्थान नाम हो। तथापि यसको नाम कसरी फालेलुङ रहन गयो भन्ने सवालमा ईतिहासकारहरुका फरक फरक किसिमका किम्बदन्तिहरु रहेकोछ । फालेलुङ गाउँपालिका नेपालको सुदूरपूर्वी जिल्ला पाँचथरको उत्तरपूर्वी भागमा फालेलुङ गाउँपालिका अवस्थित छ। यस (फालेलुङ) गाउँपालिका पाँचथरको वडा नम्बर तीन, चार, पाँच र छ एवं छिमेकी देश भारतको सिमानाको रुपमा रहेको महाभारत पर्वत श्रृंखलामा "फालेलुङ" भन्ने एउटा डाँडा छ। यो डाँडासँग यस क्षेत्रका मानिसहरूको इतिहास, जीवन, भाषा, संस्कार र संस्कृति जोडिएको पाइन्छ। फालेलुङ गाउँपालिका क्षेत्रभित्रको क्षेत्रका लिम्बु (याङक्युङ) हरु उहिले उहिले सुँगुरको पाठा बेच्न उत्ता दार्जिलिङतिर जाने गर्दथे। त्यसबेला उनीहरू यहीं डाँडाको बाटो भएर जाने गर्दथे। लिम्बुहरूले यसरी सुँगुर बेच्न दार्जिलिङ हिंडेको बेला

यस डाँडामा पुगेपछि यहाँ रहेका ढुङगाहरुमा एकैछिन उनीहरुले आफ्ना सुँगुरको पाठाहरुलाई विसाउँथे र दाना-खुवाउँथे। यहाँको ढुङ्गाहरुमा यसरी सुँगुरहरु बिसाउने गरिएकोले यी ढुङ्गाहरुलाई उनीहरुले "फाक्नामलुङ" (सुँगुर बिसाउने ढुङ्गा) भन्दथे। सुँगुर बिसाउने गरिएको ढुङगालाई लिम्बुहरुले "फाक्नाम्लुङ" भन्दछन। किनभने सुँगुरलाई लिम्बुहरुले "फाक" भन्दछन र बिसाउनुलाई "नाम वा नामा" भन्दछन र ढुङगालाई "लुङ" भन्दछन । "फाक्नामलुङ" (सुँगुर विसाउने ढुङगा) लाई नै पछि "फाक्लुङ" भन्न थालियो। यसरी सो ढुंगा रहेको स्थानलाई "फालेलुङ" भन्न थालियो। कालान्तरमा उक्त डाँडालाई पनि "फालेलुङ" भन्न थालियो र "फालेलुङ डाँडा" नाम रहन गयो।

"फालेलुङ" स्थान नामबारे अर्को पनि किम्बदन्ति रहेकोछ। "फालेलुङ" प्राकृतिक भु-बनावटको आधारबाट राखिएको एउटा स्थान नाम हो। यस ठाउँमा पत्रैपत्र भएर खप्टिएको ढुङ्गाहरु धेरै भेटिन्छ। यसरी पत्रैपत्र खप्टिएर बनेको ढुङ्गालाई लिम्बुहरुले "कुभाक्-कुभाक् लुङ" भन्दथे भने केहीले "फाक्सीङलुङ" पनि भन्ने गर्दथे। यस डाँडामा रहेको यस्तो पत्रैपत्र भएको ढुङ्गाहरुलाई स्थानीय लिम्बुहरुले "फाक्सीङलुङ" वा "कुभाक्-कुभाक् लुङ" भन्दथे। "फाक्सीङलुङ" शब्द पछि अपभ्रंश भएर "फालेलुङ" भन्न थालियो र उक्त "फालेलुङ" (फाक्सीङलुङ) ढुङगाको नामबाटै यस ठाउँलाई पनि "फालेलुङ" भन्न थालियो। त्यस्तै अर्को भनाई अनुसार "फालेलुङ" स्थान नाम मौसम, जल-वायुको आधारमा रहेको हो। उहिले यस डाँडामा निक्कै लेक लाग्ने गर्दथ्यो। तल गाउँबाट हिँडेका मानिसहरु यस डाडाँमा रहेको पत्रैपत्र भएको ढुङगाहरुमा पुगेपछि लेक लाग्दथ्यो । लेक लागेकै कारण उता सिक्किम, दार्जिलिङ हिँडेका मानिसहरुलाई यो डाँडा काटेर जान निक्कै गाहो पर्दथ्यो। यसरी यहाँ पुगेपछि धेरै लेक लाग्ने भएको हुनाले यहाँ रहेको पत्रैपत्र भएको ढुङगाहरुलाई लिम्बुहरुले "फाडलेप्लुङ" (लेक लाग्ने ढुङगा) भन्दथे। खासगरी यस ठाउँमा पुगेपछि लेक लाग्ने अथवा लेक लाग्न सुरु हुने भएकोले यहाँका ढुङगाहरूलाई "फाङलेप्लुङ" भनिन थालिएको हो। लेक लाग्ने ठाउँको ढुङ्गाहरुलाई लिम्बुहरुले "फाङलेप्लुङ" भन्दछन किनभने लेक लाग्नुलाई उनीहरुले "फाडिल्आलेप्" वा "फाङलेप" र ढुंगालाई "लुङ" भन्दछन । त्यै "फाङलेप्लुङ" नै पछि "फालेलुङ" (लेक लाग्ने ढुङ्गा) भन्न थालियो। त्यै ढुङगाहरुको नामबाटै पछि यस ठाउँलाई "फालेलुङ" भन्न थालियो र सो ठाउँको डाँडालाई "फालेलुङ डाँडा" भन्न थालियो। अर्को भनाई अनुसार यस डाँडामा उहिले हिउँद लागेपछि पुरै हिउँ परेर यहाँको सबै ढुङ्गाहरु हिउँले छोपेर सेताम्मे हुन्थ्यो। सेताम्मे भएका ढुङगाहरुलाई यहाँका स्थानीय लिम्बुहरुले "फःलेक्लुङ" भन्दथे । सेतो हिउँले छोपिएको ढुङ्गालाई लिम्बुहरुले "फः लेक्लुङ" भन्दछन । "फःलेक्लुङ" अपभ्रंश भएर पछि "फालेलुङ" भन्न थालियो । कालान्तरमा "फालेलुङ" ठाउँको नाम यसरी रहन गएको पाईन्छ। यसै ठाउँको नामबाट "फालेलुङ गाउँपालिकाको नाम राखिएको हो ।फालेलुङगाउँपालिकाको पूर्वमा भारतको सिक्किम र पश्चिम बंगाल राज्यहरु, उत्तरमा याङवरक गाउँपालिका, पश्चिममा हिलिहाङ गाउँपालिका र दक्षिणमा फिदिम नगरपालिका तथा इलाम जिल्लाको सन्दकपुर गाउँपालिका पर्दछन् ।

राष्ट्रिय जनगणना - २०७८ अनुसार कुल २०७.१४ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको यस गाउँपालिका ८ वटा वडाहरुमा विभक्त छ ४,९१५ घरधुरीमा १०,२४२ महिला र १०,११९ पुरुष गरी २०,३६१ जना मानिसहरुको बसोबास रहेको छ। ५,५६५ हेक्टर वन क्षेत्र भएको यस गाउँपालिकामा २०,३२० हेक्टर जमिनमा खेतीपाती लगाइन्छ ।

नेपाल-भारत सीमा क्षेत्रमा पर्ने फालोट, तीन सिमाना, चारराते प्रचुर संभावनाले युक्त सुप्रसिद्ध पर्यटकीय गन्तव्यहरु हुन् । वर्षको ४ महिना हिउँले ढाक्ने यी क्षेत्रमा २८ प्रजातिका गुराँसहरु तथा दर्जन बढी प्रजातिका अमूल्य जडिबुटीहरु पाइन्छन् । हेंवाखोला, खेउथाम (खेओथाम) खोला, नवमीखोला, मुवाखोला आदियहाँका प्रमुख खोलाहरु हुन। पानावा झरना, मुवा झरना, तीन छाँगे झरना (खेओथावा) आदि यहाँका मनमोहक झरनाहरु हुन् । सुकेपोखरी, लामपोखरी, भैंसे पोखरी, जलजले पोखरी, हेंवागङ्गा, नेपाली झण्डा पोखरी यस गाउँपालिकाका चित्ताकर्षक तालतलैयाहरु हुन भने, मुक्लुङ (मुक्लुङधुरी), शिवगंगा, आगेजुङ गुम्बा, पाथीभरा, महादेवस्थान, नरेलुङ धाम, हेंवाकोठी, बुढीथाम, साप्लालुङ (केःलुङ), थकेपुङ आदि यहाँका पवित्र धार्मिक स्थलहरु हुन् । पशुपालन, खेतीपाती र पर्यटन व्यवसाय नै यहाँका निसहरूका मूख्य पेशा हुन्। यस गाउँपालिकामा लिम्बू, राई, क्षेत्री, ब्राहमण, मगर, तामाङ, कामी, दमाई, सार्की, भुजेल र शेर्पा आदि विविध जातजातिको साझा बसोबास रहेको पाइन्छ। यहाँको 'प्रकृति' र 'संस्कृति' मा 'प्रविधि' समेत जोड्न सकेमा निकट भविष्यमै फालेलुङ गाउँपालिकाको उज्यालो भविष्यको सहज परिकल्पना गर्न सकिन्छ

***२. फालेलुङ गाउँपालिकाभित्र मिति २०८२/०४/ ०१ देखि २०८३/०३/३२ गतेसम्मको व्यक्तिगत घटना दर्ताको विवरणः***

**जिल्ला :** पाँचथर **गा.पा/न.पा. :** फालेलुङ **दर्ता मिति देखि :** २०८२-०४-०१ **दर्ता मिति सम्म :** २०८३-०३-३२

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्य को संख्या | दर्ता संख्या | सदस्य को संख्या | जम्मा | |
| १ | २६ | २७ | ० | ५३ | १० | ६ | ० | १६ | ४ | २५ | १ | ४ | २५ | ७५ | ० | १२४ |
| २ | ३२ | २८ | ० | ६० | १३ | १४ | ० | २७ | ४ | २७ | १ | ४ | २५ | ७१ | ० | १४४ |
| ३ | २९ | २७ | ० | ५६ | ८ | ९ | ० | १७ | ४ | २९ | १ | १ | १३ | ४५ | ० | १२० |
| ४ | २९ | २८ | ० | ५७ | ८ | १२ | ० | २० | २ | २६ | ० | ० | १३ | ५७ | ० | ११८ |
| ५ | ५३ | ५० | ० | १०३ | २२ | २८ | ० | ५० | ६ | ४२ | ४ | ४ | ३४ | ८१ | ० | २३९ |
| ६ | २८ | १५ | ० | ४३ | ६ | ९ | ० | १५ | ४ | २२ | ० | ० | १२ | ४५ | ० | ९६ |
| ७ | ३७ | ४० | ० | ७७ | १२ | ११ | ० | २३ | ६ | १४ | २ | ५ | ४ | १० | ० | १२६ |
| ८ | ४२ | २४ | ० | ६६ | १७ | १४ | ० | ३१ | ८ | ३९ | १ | २ | १४ | ३४ | ० | १५९ |
| **जम्मा** | **२७६** | **२३९** | ० | **५१५** | **९६** | **१०३** | ० | **१९९** | **३८** | **२२४** | **१०** | **२०** | **१४०** | **४१८** | ० | **११२६** |

३. **फालेलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा स्वीकृत कर्मचारी दरबन्दीको विवरण:**

| क्र.स | पदको नाम | श्रेणी तह | सेवा | समुह | पदपुर्ति भएको दरबन्दी | विधमान दरबन्दी | प्रस्तावित दरबन्दी | पदपुर्ति हुन बाँकि दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | रा.प.तृतिय | प्रशासन | सामान्य प्रशासन | १ | १ | १ | ० |
| **१.सामान्य प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा** | | | | | | | | ० |
| १ | प्रशासिकय अधिकृत | अधिकृत सातौँ/आठौँ | प्रशासन | सामान्य प्रशासन | १ | १ | १ | ० |
| २ | प्रशासन सहायक/सहायक अधिकृत | पाँचौ/छैठौं | प्रशासन | सामान्य प्रशासन | १ | १ | २ | ० |
| **१.१ कानुन उपशाखा** | | | | | | | | ० |
| १. | कानुन सहायक | पाँचौ/छैठौं | न्याय | कानुन | १ | १ | १ | ० |
| **१.२ दर्ता चलानी/सहायता कक्ष** | | | | | | | | ० |
| १. | सहायकस्तर | श्रेणिविहिन/चौँथो | प्रशासन | सामान्य प्रशासन | ० | १ | १ | १ |
| **१.६** | **वडा कार्यालयहरू ८ वटा** | | | | | | | ० |
| १. | वडा सचिव | चौथो/पाँचौ | प्रशासन | सामान्य प्रशासन | ५ | १६ | ८ | ३ |
| ३. | अ.स.ई/स.ई | चौथो/पाँचौ | इन्जिनियरिङ | सिभिल | ३ | ८ | ४ | १ |
| **२.राजश्व तथा आर्थिक प्रशासन शाखा** | | | | | | | | ० |
| १. | लेखा अधिकृत | अधिकृत सातौँ/आठौँ | प्रशासन/लेखा | लेखा | ० | १ | १ | १ |
| २. | सह-लेखापाल/लेखापाल | चौथो/पाँचौ | प्रशासन/लेखा | लेखा | १ | १ | १ | ० |
| **२.१ राजश्व प्रशासन उपशाखा** | | | | | | | | ० |
| १. | सह लेखापाल | चौथो/पाँचौ | प्रशासन | राजश्व | ० | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **३.योजना अनुगमन तथा मुल्याङकन शाखा** | | | | | | | | ० |
| १ | योजना तथा अनुगमन अधिकृत | अधिकृत सातौं/आठौँ | प्रशासन | सामान्य प्रशासन | ० | १ | १ | १ |
| **४.पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा** | | | | | | | | ० |
| १ | ईन्जिनियर | अधिकृत सातौं/आठौँ | नेपाल ईन्जिनियरिङ | सिभिल | ० | १ | १ | १ |
| २ | सव ईन्जिनियर | पाँचौं/छैटौँ | ईन्जिनियरिङ | सिभिल | १ | २ | १ | ० |
| **४.१ भवन,घर नक्सा पास उपशाखा** | | | | | | | | ० |
| २ | अमिन | चौथो | ईन्जिनियरिङ | सर्भे | १ | १ | १ | ० |
| **४.२ खानेपानि तथा सरसफाई टेक्निसियन** | | | | | | | | ० |
| १. | खानेपानी सरसफाई टेक्निसीयन | चौथो/पाँचौ | ईन्जिनियरिङ | सिभिल स्यानिटरी | ० | १ | १ | १ |
| **४.३ वातावरण तथा विपद व्यवस्थापन उपशाखा** | | | | | | | | ० |
| १. | सहायकस्तर | पाँचौ | प्रशासन | सामान्य प्रशासन | १ | १ | १ | ० |
| **५.सामाजिक विकास शिक्षा युवा खेलकुद शाखा** | | | | | | | | ० |
| १ | शिक्षा अधिकृत | अधिकृत सातौं/आठौँ | शिक्षा सेवा | शिक्षा प्रशासन | ० | १ | १ | १ |
| २ | प्राविधिक सहायक/सहायक शिक्षा अधिकृत | पाँचौं/छैटौँ | शिक्षा सेवा | शिक्षा प्रशासन | १ | १ | १ | ० |
| **५.१ महिला वालवालिका तथा उधम विकास शाखा** | | | | | | | | ० |
| १. | महिला विकास निरिक्षक | पाँचौं/छैठौं | विविध | विविध | ० | १ | १ | १ |
| **५.२ सामाजिक सुरक्षा तथा पञ्जिकरण उपशाखा** | | | | | | | | ० |
| १. | सहायकस्तर | पाँचौ | प्रशासन | सामान्य प्रशासन | १ | १ | १ | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **६.स्वास्थ्य शाखा** | | | | | | | | ० |
| १ | जन स्वास्थ्य  निरिक्षक | अधिकृत छैठौं/सातौं | स्वास्थ | हेल्थ ईन्सपेक्सन | १ | १ | १ | ० |
| २ | सि.अ.न.मी निरीक्षक | छैठौं/सातौं | स्वास्थ्य | कम्युनिटी नर्सिङ/कम्युनिटी नर्सिङ | १ | १ | १ | ० |
| **७.कृषि विकास शाखा** | | | | | | | | ० |
| १ | कृषि प्रसार अधिकृत | अधिकृत सातौं/आठौँ | कृषि | कृषि प्रसार समुह | ० | १ | १ | १ |
| २ | प्राविधिक सहायक/सहायक कृषि अधिकृत | सहायक पाँचौं/छैटौँ | कृषि | कृषि प्रसार | १ | २ | १ | ० |
| ३ | नायव प्राविधिक सहायक | चौंथो | कृषि | कृषि प्रसार | ० | ४ | ४ | ४ |
| **८.पशुपंछी विकास शाखा** | | | | | | | | ० |
| १ | स.पशु चिकित्सक/पशु चिकित्सक/स.पशु विकास अधिकृत/पशु विकास अधिकृत | सातौं/आठौँ | कृषि | भेटेरीनरी/ला.पो.डे.डे | ० | १ | १ | १ |
| २ | पशु स्वास्थ्य प्राविधिक | पाँचौ/छैठौं | कृषि | भेटेरीनरी | १ | १ | १ | ० |
| ३ | पशु सेवा प्राविधिक | पाँचौं | कृषि | ला.पो.डे.डे | १ | १ | १ | ० |
| ४ | नायव पशु स्वास्थ्य प्राविधिक | चौथो | कृषि | भेटेरीनरी | ० | २ | २ | २ |
| ५ | नायव पशु सेवा प्राविधिक | चौथो | कृषि | ला.पो.डे.डे | ० | २ | २ | २ |
| **९.आन्तरिक लेखापरिक्षण शाखा** | | | | | | | | ० |
| १ | आन्तरिक लेखापरीक्षक | पाँचौं/छैटौँ | प्रशासन/लेखा | लेखापरिक्षण | ० | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **१०.सूचना प्रविधि शाखा** | | | | | | | | ० |
| १ | सूचना प्रविधि अधिकृत | छैठौं/सातौं | विविध | विविध | ० | **१** | **१** | १ |
| २ | कम्प्युटर अपरेटर | चौथो/पाँचौ | विविध | विविध | ० | **१** | **१** | १ |
| | | | | **जम्मा** | **२१** | **६२** | **४९** | २८ |
| **स्वास्थ्य चौकि तर्फ** | | | | | | | | |
| क्र.स | **पदको नाम** | **श्रेणी तह** | **सेवा** | **समुह** | **पदपुर्ति भएको दरबन्दी** | **विधमान दरबन्दी** | **प्रस्तावित दरबन्दी** | **पदपुर्ति हुन बाँकि दरबन्दी** |
| **१** | **सि.अ.हे.व/हे.अ छैठौं/सि.अ.न.मि निरिक्षक** | **छैठौं/सातौं** | **नेपाल स्वास्थ्य सेवा** | **हेल्थ ईन्सपेक्सन** | **३** | **४** | **४** | **१** |
| **२** | सि.अ.हे.व/हे.अ | पाँचौ/छैठौं | स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ३ | ४ | ४ | **१** |
| **३** | स्टाफ नर्स/सि.अ.न.मी | पाँचौ/छैठौं | स्वास्थ्य सेवा | जनरल नर्सिङ/कम्युनिटी नर्सिङ | ३ | ४ | ४ | **१** |
| **४** | अ.न.मी | चौथो/पाँचौ | स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ | ४ | ४ | ४ | **०** |
| **५** | अ.हे.व | चौथो/पाँचौ | स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ४ | ४ | ४ | **०** |
| | | | | **जम्मा** | १७ | २० | २० | ३ |
| **२.आधारभुत स्वास्थ्य केन्द्र ६ वटा** | | | | | | | | |
| १. | अ.हे.व | चौथो/पाँचौ | स्वास्थ्य सेवा | हेल्थ ईन्सपेक्सन | ० | ६ | ६ | ६ |
| २. | अ.न.मी | चौथो/पाँचौ | स्वास्थ्य | कम्युनिटि नर्सिङ | ० | ६ | ६ | ६ |
| | | | | जम्मा | ० | १२ | १२ | १२ |
| **३.बर्थिङ सेन्टर ( ४ वटा)** | | | | | | | | |
| १. | अ.न.मी | चौथो | प्रशासन | कम्युनिटि नर्सिङ | ० | ४ | ४ | ४ |
| | | | | **जम्मा** | **१७** | **३६** | **३६** | **१९** |

**पुनरावलोकन गर्नकालागी सिफारिस गरिएको दरबन्दी संरचना**

| क्र.स | पदको नाम | श्रेणी तह | सेवा | समुह | पदपुर्ति भएको दरबन्दी | विधमान दरबन्दी | प्रस्तावित दरबन्दी | पदपुर्ति हुन बाँकि दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी/गाउँपालिकाको कार्यालय तर्फ | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | ७ | ५ | ७ | ० |
| २ | कार्यालय सहयोगी/वडा र स्वास्थ्य संस्था तर्फ | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | १७ | १७ | १७ | ० |
| ३ | सफाईकर्ता/गाउँपालिका तर्फ | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | १ | ० | १ | ० |
| ४ | नगर प्रहरी/गाउँपालिका तर्फ | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | ० | ३ | ३ | ३ |

***४. फालेलुङ गाउँपालिकाको आ.व. २०८२/०८३ को क्षेत्रगत बजेट तथा खर्च विवरण:***

| क्र.सं. | क्षेत्र | बजेट रकम रु. | खर्च | खर्च प्रतिशत(%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५,९२,४०,१७४ | ३,८७,४९,९५९ | ६५. ४१ |
| २ | सामाजिक विकास | ३०,९८,००,००० | २८,८०,५५,५२७.६४ | ९२.९८ |
| ३ | पूर्वाधार विकास | ६,४५,३०,००० | ५,०९,७७,१६० | ७९ |
| ४ | शुसाशन तथा अन्तरसम्बधित क्षेत्र | ३,०८,२३,५२६ | २,७३,६६,८३३.५७ | ८८.७९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,४०,६२,००१ | ७,४८,११,८४१.०९ | ८९ |

***५. फालेलुङ गाउँपालिकाको आ.व. २०८२/०८३ को बजेट तथा खर्च विवरण:***

| क्र.सं. | शूर्षक | आय | खर्च | खर्च प्रतिशत(%) |
|---|---|---|---|---|
| १ | नेपाल सरकारबाट हस्तान्तरीत समपुरक अनुदान | ६,८०,००,००० | २२,६९,२११ | ३३.३६ |
| २ | नेपाल सरकारबाट हस्तान्तरीत विशेष अनुदान | १,१२,००,००० | ८४,८६,२२४ | ७५.७६ |
| ३ | नेपाल सरकारबाट हस्तान्तरीत सशर्त अनुदान | २२,४४,७०,००० | २२,७३,८३,३६३.५३ | ९३.०१ |
| ४ | कोशी प्रदेश सरकारकाट हस्तान्तरीत समपुरक अनुदान | १,००,००,००० | ८८,४३,६२२ | ८८.४३ |
| ५ | कोशी प्रदेश सरकारकाट हस्तान्तरीत सशरर्त अनुदान | १,५२,७०,००० | १,२४,६१,३३२ | ८१.६ |
| ६ | राजस्व बाँडफाड | ९,४४,२९,७०१ | ८,४४,७५,८४१.०९ | ८९.४५ |
| ७ | चालु | ३९,७७,९४,५९१ | ३५,९६,६७,३७४.३४ | ९०.४२ |
| ८ | पुजिगत | १५,०६,६१,११० | १२,०१,९७,८६१ | ७९.७८ |

| | | | | |
|---|---|---|---|---|
| ९ | आन्तरिक राजस्व र बैक मौज्दात | १,४०,००,०००(राजस्व प्रक्षेपण) | ७०,४९,५९५(आय) | – |
| १० | कुल बजेट | ५४,८४,५५,७०१ | ४७,९८,६५,२३५.३४ | ८७.४९ |

६. ***सार्बजनिक निकायको वेभसाईट भए सो को विवरणः-***

Website:- httpps//:www.phalelungmun.gov.np

Facebook page:- फालेलुङ गाँउपालिका गाउँ कार्यपालिकाको, कार्यलय, थकेपुङ, पाँचथर

७. ***सार्वजनिक निकायले प्रप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः-***

फालेलुङ गाँउपालिकामा वैदेशिक सहयता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग र सम्झौता नभएको।

८. ***सार्वजनिक निकायमा परेका सुचना मागसम्बन्धी निबेदन र सो उपर सुचना दिइएको विवरणः-***

सुचनाको मागसम्बन्धी निवेदन चार वटाको लिखित सुचना उपलब्ध गराईयो र फोन मार्फत पनी सुचना उपलब्ध गराईएको छ ।